# नेपाल संस्कृत विश्वविद्यालय
**Nepal Sanskrit University**
बेलझुन्डी, दाङ
Beljhundi, Dang

अनुसन्धान केन्द्र

Research Center


पत्रसंङ्ख्या :-

चलानी नम्वर :-

मिति:- २०८२।०६।२४

## सूचना

'नेपाल संस्कृत विश्वविद्यालय शैक्षिक तथा सङ्गठनसम्बन्धी नियम २०६७ (२०७० भाद्रसम्मको संशोधन समावेश)' को परिच्छेद-७ को नियम ७२ को (क) मा विद्यावारिधि शोधकार्यको माध्यमको निर्धारण गर्दा सामान्यतया "उपाधिमूलक विद्यावारिधि **(Ph,D.)** का निमित्त शोधकार्य संस्कृतका विशिष्ट विद्वान्हरूका निमित्त उपादेय हुने प्रौढ, अन्तर्राष्ट्रियस्तरको र संस्कृत भाषाको माध्यममा लेखिएको हुनुपर्नेछ" भन्ने स्पष्ट उल्लेख भएको सन्दर्भमा २०६७ सालपछि नेसंविवाट नेपाली भाषाको माध्यमबाट विद्यावारिधि शोधकार्य सम्पन्न गरिसकेका संस्कृतका शास्त्रीय विषयका शोधकर्ताहरूले आफ्नो वृत्तिविकासमा वाधा उत्पन्न भएकाले शोधप्रबन्धलाई संस्कृत भाषामा अनुवाद गरी बुझाउने अवसरका लागि नेसंवि अनुसन्धान केन्द्रमा मौखिक र लिखित रूपमा समेत पटक पटक अनुरोध गर्दै आएको सन्दर्भमा सम्वद्ध शोधकर्ताहरूलाई एक पटकका लागि सो अवसर प्रदान गर्ने नेसंवि अनुसन्धान परिषद्को मिति २०८१/१०/१३ को निर्णय नं. २१० र कार्यकारिपरिषद्को मिति २०८२/०४/२० को निर्णय नं. १५ का आधारमा आजका मितिले १५ दिनभित्र नेसंवि अनुसन्धान केन्द्रमा तपसिलवमोजिमको आवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

### तपसिल

१. आवेदन नेसंवि अनुसन्धान केन्द्रको कार्यालय बेलझुण्डी दाङमा बुझाउनु पर्नेछ ।

२. आवेदनसाथ नेसंवि अनुसन्धान केन्द्रको राष्ट्रिय वाणिज्य बैंक तुल्सीपुर दाङको चल्ती हिसाब नं. ४१६०१००००५४८४००१ मा रु. २५,०००/- (अक्षरेपि पच्चीस हजार मात्र) जम्मा गरेको सक्कल भौचर पेस गर्नु पर्नेछ ।

३. आवेदनमा शोधकार्यको स्थायी करार मिति, विषय, शीर्षक, अन्तिम वाक्परीक्षा मिति र परीक्षाफल प्रकाशन मिति स्पष्ट खुलेको हुनु पर्नेछ ।

४. आवेदनसाथ विद्यावारिधि उपाधिको अस्थायी र स्थायी प्रमाणपत्रको प्रतिलिपिसमेत संलग्न हुनु पर्नेछ ।

थप प्रक्रिया

१. आवेदन स्वीकृत भएको मितिले ६ महिनाभित्र शोधार्थी स्वयंले आफ्नो शोधप्रबन्धलाई परिनिष्ठित र स्तरीय संस्कृत भाषामा छायानुवाद गरी एक प्रति शिथिल बन्धन गरेर बुझाउनु पर्नेछ ।

२. अनूदित शोधप्रबन्धको आवश्यक परीक्षणपश्चात् अनुसन्धान केन्द्रले शोधकर्तालाई आवश्यक सुझाव उपलब्ध गराउने छ र उक्त सुझावको सम्बोधनपश्चात् मात्र शोधप्रबन्धलाई दृढबन्ध गरी बुझाउन स्वीकृति प्रदान गरिनेछ ।

३. उक्त स्वीकृति प्राप्त भएको मितिले दुई महिनाभित्र पाँच प्रति शोधप्रबन्ध दृढबन्ध गरी अनुसन्धान केन्द्रमा बुझाउनु पर्नेछ ।

सहायक प्रशासक